# रघुगंगा हाइड्रोपावर लिमिटेड
## पिप्ले, म्याग्दी
## पदपूर्ति सम्बन्धी सुचना
**प्रकाशित मिति २०७७।११।१५**

यस कम्पनीको लागि देहाय बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्वारा करार सेवामा पदपर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वक दरखास्त आहवान गरिएको छ । कम्पनीको वेवसाइटमा प्रकाशित सूचनामा उपलब्ध गराइएको Weblink मा उपलब्ध Job Application Form भरी दरखास्त पेश गर्नु पर्नेछ । रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| विज्ञापन.न. | पद | तह | पदसंख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | सि.इलेक्ट्रिकल ईन्जिनियर | ८ | १ | सम्बन्धित ईञ्जिनियरिङ्ग बिषयमा स्नातकोत्तर उतीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरमा कम्तीमा ४ बर्ष कार्यानुभव मध्ये जलविद्युत आयोजनोको Design/ Supervision सम्बन्धी कार्यमा कम्तीमा २ वर्षको कार्यानुभव **वा** इलेक्ट्रिकल ईञ्जिनियरिङ्ग बिषयमा स्नातक उतीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरमा कम्तिमा ६ बर्षको कार्यानुभव मध्ये जलविद्युत आयोजनाको Design/ Supervision सम्बन्धी कार्यमा कम्तीमा ४ वर्षको कार्यानुभव |
| २ | जियोलोजिष्ट/ जियोटेकनिकल ईन्जिनियर/ ईन्जिनियरङ्ग जियोलोजिष्ट | ८ | १ | जियोलोजी वा जियोफिजिकल / जियोटेकनिकल विषयमा स्नातकोत्तर उतीर्ण र सम्बन्धीत क्षेत्रमा अधिकृत स्तरमा कम्तीमा ४ बर्षको कार्यानुभव मध्ये जलविद्युत आयोजनोको Design/Supervision सम्बन्धी कार्यमा कम्तिमा २ वर्षको कार्यानुभव |
| ३ | सि. सिभिल ईन्जिनियर - Infrastructure | ८ | १ | सम्बन्धित ईञ्जिनियरिङ्ग बिषयमा स्नातकोत्तर उतीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरमा कम्तीमा ४ बर्ष कार्यानुभव मध्ये जलविद्युत आयोजनाको Design/ Supervision सम्बन्धी कार्यमा कम्तिमा २ वर्षको कार्यानुभव **वा** सिभिल ईञ्जिनियरिङ्ग बिषयमा स्नातक उतीर्ण र सम्बन्धित क्षेत्रमा अधिकृत स्तरमा कम्तीमा ६ बर्ष कार्यानुभव मध्ये जलविद्युत आयोजनाको Design/Supervision सम्बन्धी कार्यमा कम्तीमा ४ वर्षको कार्यानुभव |
| ४ | सर्भे अधिकृत/सर्भे ईन्जिनियर | ७ | १ | जियोमाटिक्स वा सर्भे ईञ्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण र सम्बन्धित क्षेत्रमा १ बर्ष कार्यानुभव |
| ५ | सिभिल ईन्जिनियर | ७ | २ | सिभिल ईन्जिनियरङ्ग बिषयमा स्नातक उतीर्ण र सम्बन्धीत क्षेत्रमा १ बर्ष कार्यानुभव |
| ६ | प्रशासकीय अधिकृत (जन सम्पर्क ) | ७ | १ | कुनै पनि विषयमा स्नातकोत्तर उतीर्ण र सम्बन्धित क्षेत्रमा २ बर्षको कार्यानुभव |
| ७ | सर्भेयर | ५ | १ | सर्भे ईन्जिनियरङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा तह उत्तीर्ण र सम्बन्धित क्षेत्रमा १ बर्षको कार्यानुभव |
| ८ | जिन्सि व्यवस्थापन सहायक | ५ | १ | वाणिज्य वा ब्यापार प्रशासन विषयमा स्नातक तह उतीर्ण र सम्बन्धित क्षेत्रमा १ बर्ष कार्यानुभव |

| | | | | |
|---|---|---|---|---|
| ९ | जनसम्पर्क सहायक | ४ | २ | १० + २ उतीर्ण वा सो सरह |

**१. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः**
हालसाथै खिचिएको पासपोर्ट साइजको फोटो (३ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताका प्रमाणपत्र, कार्यानुभव प्रमाणपत्र (पूर्णकालिन), सम्बन्धित विषयको तालीमका प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, इन्जिनियर सम्बन्धी पदको सन्दर्भमा नेपाल इन्जिनियरिङ्ग परिषदमा आवद्धता भएको प्रमाणपत्र, विदेशी संस्थामा अध्ययन गरेको उमेदवारले सम्वन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्र, आयोजनाको प्रभावित क्षेत्रमा स्थायी बसोबास गर्ने उमेदवारले सम्बन्धित गाँउपालिकाबाट प्रमाणित गरिएको सिफारिसपत्र ।

**२. दरखास्त बुझाउने स्थानः** यस कम्पनीको साइट कार्यालय, पिप्ले, म्याग्दी वा सम्पर्क कार्यालय, कमलपोखरी, काठमाडौं ।

**३. दरखास्त पेश गर्ने अन्तिम मितिः** २०७७।११।२९ (यदि दरखास्त पेश गर्ने आन्तिम मिति सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन अन्तिम मिति मानिनेछ ।)

**४. उमेर**ः दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**५. परीक्षाको किसिमः** संक्षिप्त सूची (Shot Listing) र अर्न्तवार्ता ।

**६. परीक्षा दस्तुर**ः सहायक स्तर पदको लागि रु. ५००।०० र अधिकृत स्तर पदको लागि रु. १०००।००

**७. परीक्षाको मिति र स्थानः** पछि प्रकाशित गरिनेछ ।

**८. सेवा सुविधाः** कम्पनीको नियमानुसार ।

**९. करार अवधिः** १ वर्ष

नोटः १. कुनै उमेदवारले छनौट प्रक्रियाका सम्बन्धमा मौखिक वा लिखित रुपमा आफैं वा अन्य व्यक्तिद्वारा प्रभावित गरेमा वा गर्न लगाएमा त्यस्तो उमेदवारलाई स्वतः अयोग्य घोषणा गर्न सकिनेछ ।

२. रीतपूर्वक दरखास्त फाराम भरी परीक्षा दस्तुर एभरेष्ट बैंक लिमिटेडको खाता न. ०१०००१०५२००८४५ मा दाखिला गरी सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

३. यस रघुगंगा हाइड्रोपावर लिमिटेडको संस्थापक संस्थाहरु कुनै अर्को कम्पनीको संस्थापक सदस्य रहेको त्यस्तो कम्पनीमा कार्यरत उमेदवारहरुले अर्न्तवार्ता परीक्षामा उपस्थित हुँदा कार्यरत कम्पनीबाट जारी गरिएको कम्पनी छोडी अन्यत्र गएमा आपत्ति नरहेको (No Objection Letter) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**पदपूर्ति समिति**
**रघुगंगा हाइड्रोपावर लिमिटेड**
सम्पर्क न. ९८४१४०२६७८
(काठमाडौं सम्पर्क कार्यालय)